प.सं. : MFL/HO/2079-80/436 मिति : २०७९/०९/०७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबारप्लाजा, काठमाडौं
नेपाल ।

**बिषयः <u>पन्ध्रौं वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।</u>**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७९/०९/०७ गते बिहीवार साँझ ५.०० वजे बसेको सञ्चालक समितिको २३७ औं बैठकबाट मिति २०७९/०९/२९ गते शुक्रवार यस वित्तीय संस्थाको पन्ध्रौं वार्षिक साधारण सभा गर्ने निर्णय भएको हुँदा उक्त पन्ध्रौं वार्षिक साधारण सभा गर्ने प्रयोजनका लागि मिति २०७९/०९/१५ गते यस वित्तीय संस्थाको शेयर दाखिल खारेजको काम बन्द (Book closure) रहने व्यहोरा जानकारी गराइन्छ । साथै नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा मिति २०७९/०९/१५ भन्दा अघिल्लो दिनसम्म कारोबार भई मिति २०७९/०९/२४ गते कार्यालय समय भित्र यस संस्थाको शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो पन्ध्रौं वार्षिक साधारण सभामा भाग लिन योग्य रहने व्यहोरा समेत सूचित गरिन्छ ।

मञ्जुश्री फाईनान्स लिमिटेड MANJUSHREE FINANCE LIMITED

भवदीय,

विकाश राज शाक्य
कम्पनी सचिव

बोधार्थः

१. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण, विभाग, वालुवाटार, काठमाण्डौ ।
२. श्री नेपाल राष्ट्र बैंक, बैक तथा वित्तिय संस्था नियमन विभाग, वालुवाटार, काठमाण्डौ ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
४. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाडौं ।
५. श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

**मञ्जुश्री फाईनान्स लिमिटेड**
**नयाँबानेश्वर, काठमाण्डौ**
**पन्ध्रौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

मिति २०७९ साल पौष ०७ गते बिहीवार बसेको सञ्चालक समितिको २३७ औं बैठकको निर्णय बमोजिम यस मञ्जुश्री फाईनान्स लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ पौष २९ गते शुक्रवार (तदनुसार १३ जनवरी २०२३)

समय : विहान ११:०० बजे

स्थान: थापागाउँ ब्याङ्केट, थापागाउँ, नयाँबानेश्वर, काठमाण्डौ ।

**पन्ध्रौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिने प्रस्तावहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात एवं आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरिक्षण समितीको सिफारिसमा आर्थिक वर्ष २०७९/८० को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वहालवाला लेखापरिक्षक श्री पि. एल. आर. जि. एशोसिएट्स चार्टड एकाउण्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनु हुन्छ) ।

४. संस्थापक समूहका शेयरधनिहरुको तर्फबाट निर्वाचित सञ्चालकहरु मध्येका एक जना सञ्चालकज्यूले दिनु भएको राजिनामा स्वीकृत भए पश्चात् निजको बाँकी अवधिको कार्यकालका लागि नियूक्त हुनु भएका सञ्चालकज्यूको नियूक्तिका सम्बन्धमा सञ्चालक समितिबाट भएको निर्णयलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. यस वित्तिय संस्था र अन्य कुनै पनि उपयूक्त बैंक वा वित्तिय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (MERGER) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयूक्त देखिएमा यस वित्तिय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मुल्यांकनकर्ता नियूक्त गर्न तथा निजको पारिश्रमिक तोक्न, गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**(कम्पनि सचिव)**

**पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी :**

१. यस संस्थाको पन्ध्रौं वार्षिक साधारण सभाको प्रयोजनका लागि यस संस्थाको शेयर दाखिल खारेजको काम २०७९ साल पौष महिना १५ गते का दिन बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा मिति २०७९/०९/१५ गते भन्दा अघिल्लो दिनसम्म कारोबार भई मिति २०७९/०९/२४ गते कार्यालय समय भित्र यस संस्थाको शेयर रजिष्ट्रार श्री एन आई बि एल एस क्यापिटल लिमिटेडको कार्यालय लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो पन्ध्रौं वार्षिक साधारण सभामा भाग लिन योग्य हुने छन् ।

२. यस संस्थाको पन्ध्रौं वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, काठमाण्डौ वा यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँवानेश्वर, काठमाण्डौमा प्रोक्सी फाराम दर्ता गरी सक्नु पर्नेछ । पन्ध्रौं वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सो को लिखित सूचना समेत तत्काल यस संस्थाको शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, काठमाण्डौ वा यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँवानेश्वर, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ ।

३. यस संस्थाको पन्ध्रौं वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनि सभामा उपस्थित हुनु भएमा शेयरधनिको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

४. नाबालक तथा अशक्त शेयर धनिहरुको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नामदर्ता भएको व्यक्तिले पन्ध्रौं वार्षिक साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।

५. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका पन्ध्रौं वार्षिक साधारण सभा हुने दिन १० बजे देखि सभा चालु रहेसम्म यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँवानेश्वर, काठमाण्डौमा खुल्ला राखिनेछ ।

६. यस संस्थाको पन्ध्रौं वार्षिक साधारण सभाका सम्बन्धमा अन्य आवश्यक जानकारीका लागि यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँवानेश्वर, काठमाण्डौमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

मञ्जुश्री फाईनान्स लिमिटेड
MANJUSHREE FINANCE LIMITED